नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि बिभाग
तरकारी विकास निर्देशनालय
राष्ट्रिय आलु बाली विकास कार्यक्रम

# बीउआलु आत्मनिर्भर कार्यक्रम संचालन कार्यविधि २०६८, दोश्रो सँशोधन २०७२

१. कार्यविधिको बूदा नं. ४ मा आयोजना क्षेत्रमा उल्लेख भएका जिल्लाहरुमा निम्न जिल्ला थप घट हुने :

**हाल कार्यक्रम संचालनमा थप गरिने जिल्लाहरु**

| विकास क्षेत्र | उच्च पहाड | मध्य पहाड | तराई |
|---|---|---|---|
| पुर्वान्चल | | | सिरहा |
| मध्यमाञ्चल | रसुवा | ललितपुर | धनुषा, |
| पश्चिमाञ्चल | | | |
| मध्यपश्चिमाञ्चल | | दैलेख, जाजरकोट | |
| सुदुर पश्चिमाञ्चल | | | |

२. कार्यत्रम संचालन नर्मस तथा थप कार्यविधि

यो कार्यक्रम संचालनका लागि मौजुदा स्विकृत नर्मस आर्थिक कार्यविधि ऐन र नियमावलिको परिधि भित्र रही सम्पन्न गरिनेछ र **शित भण्डारमा भण्डारित वीउआलुमा ५० प्रतिशत अनुदान दिने** नर्मस तथा कार्य विधि प्रश्ताव गरिएको छ :

२.१. मूल वीउआलु, प्रमाणित-१ र प्रमाणित-२ वीउआलुलाई मात्र अनुदान दिने ।

२.२. पूर्व मूलवीउआलु रोपेको समूह, सहकारी वा कृषकलाई पुर्वमुलबीउआलु र बीउआलु उत्पादनको अनुपात हेरी, जिल्ला कृषि विकास कार्यालयले प्राविधिक पठाई (वाली निरिक्षक, वीउ निरिक्षक) वीउआलु उत्पादन प्रविधि अपनाई वीउ/वाली निरिक्षकको प्रतिवेदनको आधारमा मात्र अनुदान उपलब्ध गराउने ।

२.३. उत्पादन भएको वीउआलु श्रोत वीउआलुको रुपमा जिल्ला कृषि विकास कार्यालय तथा राष्ट्रिय आलुवालि विकास कार्यक्रमले विकी वितरणका लागी व्यवस्था गर्न सक्ने र सोहीअनुसारको समझौता गरि आगामी वर्षका लागि बीउ उत्पादनकार्यक्रम कार्यान्वयन गर्ने ।

२.४. दुई वा दुई भन्दा वढि शित भण्डारमा भण्डारण गरिएको अवस्थामा औषत भण्डारण मूल्य कायम गरी सोको ५० प्रतिशत अनुदान दिने ।